# ***तरुण तपसी*मा शान्त रसध्वनिको अभिव्यञ्जन प्रक्रिया**

दीपकप्रसाद न्यौपाने[१]


## सारसङ्क्षेप

*तरुण तपसी* लेखनाथ पौड्यालद्वारा रचना गरिएको उन्नाइस विश्राममा विस्तारित प्रबन्धकाव्य हो । प्रबन्धकाव्यका तहमा यस काव्यमा शान्त रसध्वनिको अभिव्यञ्जना भएको छ । यस लेखमा प्रस्तुत *तरुण तपसी* काव्यमा संस्कृत साहित्यशास्त्रमा उल्लेख गरिएको शान्त रसध्वनि कसरी अभिव्यञ्जित भएको छ भन्ने तथ्यलाई यसका आवश्यक उपकरणका विश्लेषणका माध्यमबाट स्पष्ट पारिएको छ । यस सन्दर्भमा प्रस्तुत लेखमा शान्त रस विभाव, अनुभाव, व्यभिचारीभाव जस्ता रससामग्रीका माध्यमबाट वाच्य अर्थको प्रतीतिसँगै ध्वन्यात्मक रूपमा अभिव्यक्त भएकाले रसध्वनिका तहमा रहेको तथ्य अगाडि सारिएको छ । गुणात्मक अनुसन्धानात्मक ढाँचामा आधारित हुनाका साथै द्वितीयक स्रोतका सामग्रीहरू जुटाई तयार पारिएको यस लेखमा रसध्वनिका उपकरणहरूको विश्लेषणका माध्यमबाट काव्यमा अभिव्यञ्जित शान्त रसध्वनिको विश्लेषण गरिएको छ । यस काव्यमा करुण लगायतका अन्य रसध्वनिहरूको अवस्थितिसमेत देखिए पनि काव्यको प्रारम्भदेखि अन्त्यसम्म शान्त रसध्वनिसँग सम्बन्धित शम वा निर्वेद स्थायीभाव एवम् अन्य उपकरणको विस्तार हुनाका साथै समष्टिगत रूपमा शान्त रसध्वनिकै प्रधानता रहेको देखिएकाले प्रबन्धकाव्यका स्तरमा शान्त रसध्वनि प्रतीयमान रहेको निष्कर्ष निकाली यस लेखलाई पूर्णता दिइएको छ ।


***बीज शब्दहरू*** : विभाव, अनुभाव, सञ्चारीभाव, व्यभिचारीभाव, स्थायीभाव, शम, निर्वेद, ध्वनि, रसध्वनि, रस, प्रबन्धकाव्य, विषमता ।

## १. विषय परिचय

लेखनाथ पौड्यालद्वारा रचना गरिएको *तरुण तपसी* काव्यमा शान्त रसध्वनि प्रबन्धकाव्यगत रसध्वनिका रूपमा अभिव्यञ्जित भएको छ । काव्यमा वृक्षजीवनका साथै तपसीको जीवनयात्राका वर्णनका माध्यमबाट प्रतीकात्मक रूपमा सिङ्गो मानव सभ्यताको विकासयात्राको वर्णन गरिएको छ । वृक्षको जीवनभोगाइसँग तपसीको जीवनभोगाइलाई अभेद आरोप गरी सिङ्गो मानव सभ्यताको विकासप्रक्रियालाई प्रस्तुत गर्ने उद्देश्यले नै यस काव्यको निर्माण गरिएको पाइन्छ । कविका आध्यात्मिक तथा दार्शनिक दृष्टिकोणलाई समेत यस काव्यमा प्रस्तुत गरिएको पाइन्छ । वर्षा ऋतुको कुनै दिन सूर्य अस्ताचलतिर लागिसकेका बेला कुनै कान्ताविरही कवि मन बहलाउने उद्देश्यले बस्तीदेखि टाढा रहेको कुनै वृक्षका फेदमा पुगी कविता लेख्ने लहडमा लाग्नु, कविता लेख्न थाल्दा नथाल्दै तपस्याको सोचमा पुग्नु, साँझ परेकाले र नजिकै बस्ती नभएकाले कवि सोही वृक्षका फेदमा बास बस्नु, रातभर छट्पटाउनु, बिहानी प्रहरमा झकाउन लाग्दा तन्द्रावस्थामा नै कविले वृक्षमा दिव्य तपसीलाई देख्नु र तपसीसँग संवाद गर्न थाल्नुजस्ता घटनाका माध्यमबाट यस काव्यमा विषयवस्तुको प्रारम्भ अर्थात् अनुभूतिको आख्यानीकरण गर्न सुरु गरिएको छ । यसपछि तरुतपसीले सुनाएका आफ्ना जीवनभोगाइसँग सम्बन्धित कथ्यका माध्यमबाट प्रस्तुत काव्यमा विषयवस्तुलाई पूर्णता दिइएको छ ।

[१] उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल ।
Email: *tu.deepak31@gmail.com*

काव्यमा यस किसिमको समग्र विषयवस्तुका माध्यमबाट शम वा निर्वेद भावलाई रसदशामा पुऱ्याई शान्त रसध्वनिको अभिव्यञ्जना गरिएको पाइन्छ ।

*तरुण तपसी* विषयवस्तु, चिन्तन तथा रसध्वन्यात्मक अभिव्यञ्जनाका दृष्टिले महत्त्वपूर्ण प्रबन्धकाव्य मानिन्छ । यस काव्यमा प्रतीकात्मक रूपमा विषयवस्तुलाई समावेश गरिएको छ । रसाभिव्यक्तिभन्दा आध्यात्मिक मानवतावादी विचारधाराको चाप प्रबल भएकाले यो काव्य भावप्रधान वा रसप्रधान भन्दा बढी विचारप्रधान रहेको (अवस्थी, २०६४, पृ. १३०) उल्लेख पाइए पनि रसध्वनिगत सन्दर्भबाट केलाउँदा पनि प्रस्तुत काव्य निकै विशिष्ट देखिन्छ । यस काव्यमा वस्तुध्वनि, अलङ्कार ध्वनि तथा रसध्वनिलाई उपयुक्त ढंगले प्रस्तुत गरिएको पाइन्छ । रसध्वनिका दृष्टिले हेर्दा प्रस्तुत काव्यमा शान्त रसध्वनि प्रबन्धगत रसध्वनिका रूपमा रहेको देखिन्छ भने करुण, शृङ्गार, बीभत्स, भयानक, हास्य रसध्वनिहरू प्रासङ्गिक रसध्वनिका रूपमा रहेका छन् । काव्यमा शान्त रसध्वनिको अभिव्यञ्जन प्रक्रिया, करुण, हास्य, बीभत्स, भयानक रसध्वनिले अनुकूल तथा प्रतिकूल भूमिकामा रही शान्त रसध्वनिका अभिव्यञ्जनामा खेलेको भूमिका तथा मुख्य रसध्वनिका अभिव्यञ्जनामा साधारणीकरणको प्रक्रियाजस्ता कुरालाई नै यस अध्ययनमा विषयवस्तु बनाइएको छ ।

## २. समस्या कथन

यो लेख *तरुण तपसी* काव्यमा शान्त रसध्वनिको अभिव्यक्ति प्रक्रियाको विश्लेषणमा केन्द्रित रहेकाले यसमा निम्नअनुसारको विषयलाई समस्या बनाइएको छ :

क. *तरुण तपसी* काव्यमा प्रबन्धकाव्यका तहमा शान्त रसध्वनिको अभिव्यञ्जना कसरी भएको छ ?

ख. काव्यमा केकस्ता शान्त रसध्वनिको अभिव्यञ्जनामा अन्य रसध्वनिले केकस्तो प्रभाव पारेका छन् ?

## ३. उद्देश्य

यो अध्ययन निम्नअनुसारको उद्देश्यमा केन्द्रित रहेको छ :

क. विभावादि उपकरणका माध्यमबाट प्रबन्धकाव्यका तहमा शान्त रसध्वनिको अभिव्यञ्जन प्रक्रियाको अध्ययन गर्नु,

ख. शान्त रसध्वनिको अभिव्यञ्जनामा अन्य रसध्वनिहरूको भूमिकाको खोजी गर्नु

## ४. अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यसमा पुस्तकालयीय स्रोतका द्वितीयक स्रोतमा आधारित सामग्रीहरूको प्रयोग गरिएको छ । यस सन्दर्भमा यस लेखका तयारीका लागि रस तथा ध्वनिवादको चर्चा गरिएका पुस्तकहरुका साथै यससम्बन्धी लेखिएका लेखहरूको अध्ययन गरी सामग्री जुटाइएको छ । सामग्रीको व्याख्याविश्लेषणका सन्दर्भमा यस लेखमा वर्णनात्मक तथा व्याख्यात्मक विधिको प्रयोग गरी निष्कर्ष गरिएको छ ।

## ५. परिसीमा

यस अध्ययनमा *तरुण तपसी* काव्यमा शान्त रसध्वनिको अभिव्यञ्जना कसरी भएको छ भन्ने कुरालाई नै विवेच्य विषय बनाएको छ । प्रबन्धकाव्यमा मुख्य रसध्वनिका अभिव्यञ्जनामा अन्य रसध्वनिको समेत भूमिका रहने भएकाले यस अध्ययनमा सीमित रूपमा भए पनि काव्यमा रहेका करुण, हास्य, भयानक

तथा बीभत्स रसहरूले शान्त रसका अभिव्यञ्जनामा खेलेको भूमिकाका बारेमा चर्चा गरिएको छ। यी सबै रसहरूको स्थितिलाई सूक्ष्म रूपमा केलाउन नसक्नु चाहिँ यस अध्ययनको सीमा हो। यसैगरी यस अध्ययनमा शान्त रसध्वनिका अभिव्यञ्जनामा साधारणीकरण प्रक्रियाको समेत भूमिका रहेकाले यस प्रक्रियाको समेत सीमित रूपमा अध्ययन गरिएको छ। सबै रसध्वनिको अभिव्यञ्जन प्रक्रियालाई पनि यहाँ केलाइएको छैन यो पनि यस अध्ययनको सीमा रहेको छ।

## ६. सैद्धान्तिक आधार

यस अध्ययनमा संस्कृत साहित्यशास्त्रमा उल्लेख गरिएको ध्वनिसिद्धान्तलाई सैद्धान्तिक आधार बनाइएको छ। वाच्य अर्थभन्दा भिन्न प्रतीयमान रूपमा अभिव्यञ्जित हुने अन्यार्थ नै ध्वनि हो। ध्वनिवादले यस किसिमको व्यङ्ग्य अर्थ वा अन्यार्थलाई ध्वनि मानेको छ। आनन्दवर्धनले जहाँ वाच्य अर्थले आफूलाई वा शब्दले आफ्नो अर्थलाई गुणीभूत गरेर प्रतीयमान अर्थलाई अभिव्यक्त गर्दछ त्यस्तो काव्यलाई विद्वान्हरू ध्वनि भन्दछन् भनी ध्वनिको आधारभूत स्वरूप केलाउने काम गरेका छन् (आनन्दवर्धन, सन् २००९, पृ. १०२)। यसअनुसार वाच्य अर्थ नभई व्यङ्ग्य अर्थ नै ध्वनि हो। खासगरी शब्द र अर्थका माध्यमबाट अतिशय रूपमा प्रतीयमान भएको अर्थ नै ध्वनि हो र यस्तो ध्वनि वस्तुध्वनि, अलङ्कारध्वनि र रसध्वनि गरी तीन किसिमको हुन्छ (पाठक, सन् २००९, पृ ४३ भूमिका)।

वस्तु, अलङ्कार र रसध्वनिहरूमध्ये आनन्दवर्धनले रसध्वनिलाई सबैभन्दा बढी महत्त्व दिएर यसैलाई काव्यको आत्मा मानेका छन् (सन् २००९, पृ. ८५)। अभिनवगुप्त पनि वस्तुध्वनि र अलङ्कारध्वनि रसध्वनिमै पर्यवसित हुने भएकाले रसध्वनि नै सबैभन्दा उत्कृष्ट हुन्छ र यो नै काव्यको आत्मा हो भन्ने धारणा राख्तछन् ( अभिनवगुप्त, सन् २००९, पृ. ८५)। ध्वनिवादीहरूले जुन ध्वनिलाई काव्यको आत्मा स्वीकार गरेका छन् त्यो मुख्य रूपमा रस नै हो। यसो भए रस र रसध्वनिमा के भिन्नता छ भन्ने प्रश्न आउँछ। यी दुईमा तात्त्विक रूपमा त्यस्तो अन्तर पाइँदैन। आनन्दवर्धनले रस केवल व्यङ्ग्य मात्र हुन्छ भन्ने धारणा राख्तै ध्वनिसिद्धान्तद्वारा रसतत्त्वलाई काव्यमा सबैभन्दा उच्च पदमा प्रतिष्ठित तुल्याइदिएका छन् जुन कुरा यसपूर्वको रससम्प्रदायले सिद्ध गर्न सकेको देखिँदैन (पाठक, सन् २००९, पृ ४४ भूमिका)। यस सन्दर्भमा रस केवल सहृदयहृदय ग्राह्य वा अनुभूत विषय मात्र नभए व्यङ्ग्य वा ध्वन्यात्मक विषय भएकाले रस भन्नु र आनन्दवर्धनका सन्दर्भमा रसध्वनि भन्नु औचित्यपूर्ण रूपमा भिन्नता रहेको देखिन्छ। यस्तो रसध्वनि रस वाच्य नभएर व्यङ्ग्य हुने र यसको प्रतीतिमा कुनै क्रम नदेखिने भएकाले यसलाई अलक्ष्यक्रम ध्वनिअन्तर्गत राखिएको पाइन्छ। यस तात्पर्यमा सबै रसहरू वाच्य अर्थ वा विषयवस्तुको प्रतीतिसँगै व्यङ्ग्य रूपमा अभिव्यक्त हुने भएकाले रसध्वनिअन्तर्गत पर्दछन्। यही कारणले यस अध्ययनमा ध्वनिका विषयका रूपमा शान्त रसध्वनिको अध्ययन गरिएको छ।

शान्त 'शम' वा 'निर्वेद' स्थायीभाव हुने रस हो। विश्वनाथले शान्त रसमा स्वात्मविश्रान्तिरूप शमलाई र मम्मटले तत्त्वज्ञानज निर्वेदलाई स्थायीभाव मानेको पाइन्छ (सिंह, सन् २००७, पृ. २६४)। शमको अर्थ राग, विराग आदि तृष्णाको क्षय र निर्वेदको अर्थ तत्त्वज्ञानबाट उत्पन्न निर्वेद भन्ने हुन्छ। पण्डितराज जगन्नाथका अनुसार नित्य (परम्ब्रह्म) र अनित्य (भौतिक संसार) वस्तुहरूको विश्लेषणद्वारा जुन विषयविरागको उत्पन्न हुन्छ, त्यसलाई निर्वेद भनिन्छ (जगन्नाथ, सन् २००८, पृ. १४३)। प्रकारान्तरले तृष्णाक्षय र विषयविरक्ति भन्नु एउटै कुरा भएकाले शम र निर्वेदलाई पर्यायवाची शब्दका रूपमा लिनु उपयुक्त हुन्छ।

शान्त रसका अन्य उपकरणका बारेमा जगन्नाथले रसगङ्गाधरमा चर्चा गरेको पाइन्छ। उनका अनुसार शान्त रसका अनित्य रूपमा बोध गरिएको संसार आलम्बन विभाव, वेदान्त श्रवण, तपोवन, तपस्वीदर्शन आदि

उद्दीपन विभाव, विषयअरुचि, शत्रु तथा मित्रमा समभाव, निश्चेष्टा, तपस्या आदि अनुभाव, हर्ष, स्मृति आदि व्यभिचारीभाव हुन् (जगन्नाथ, सन् २००८, पृ. १४६) । यसरी हेर्दा शान्त रसमा शम वा निर्वेद स्थायीभाव, अनित्य संसार तथा तपस्वी आदि पात्रहरू आलम्बन विभाव, तपोवन, शान्त परिवेश आदि उद्दीपन विभाव, सांसारिक विषयप्रतिको वितृष्णा, शत्रुमित्रमा समभाव आदि अनुभाव तथा निर्वेद, मति, आवेग, दया आदि व्यभिचारीभावहरू रसोपकरण वा रसका घटकका रूपमा आएका हुन्छन् । यिनै घटकका आधारमा यस अध्ययनमा शान्त रसध्वनिको अभिव्यञ्जन प्रक्रियाको विश्लेषण गरिएको छ ।

## ७. *तरुण तपसी*मा शान्त रसध्वनिको अभिव्यञ्जन प्रक्रिया

*तरुण तपसी* प्रबन्धकाव्यमा विभाव, अनुभाव, व्यभिचारीभावजस्ता रसोपकरणका माध्यमबाट शान्त रसध्वनिको अभिव्यञ्जना भएको पाइन्छ । यस काव्यमा करुण, भयानक, शृङ्गार, हास्यजस्ता अन्य प्रासङ्गिक रसध्वनिहरूले पनि शान्त रसध्वनिलाई व्यञ्जित गर्न भूमिका खेलेका छन् । काव्यमा विविध रसहरू ध्वनिका तहमा अभिव्यञ्जित हुनामा साधारणीकरण प्रक्रियाको पनि उत्तिकै भूमिका रहेको छ । काव्यमा देखिएका यी सबै पक्षहरूलाई यहाँ निम्नअनुसार विश्लेषण गरिएको छ :

### ७.१ शान्त रसध्वनिको अभिव्यञ्जनामा विभावको भूमिका

*तरुण तपसी*मा शान्त रसध्वनिका अभिव्यञ्जनामा कवि, तरु वा वृक्ष र तपसी आलम्बन विभावले तथा उद्दीपन विभावका रूपमा रहेका स्थानिक तथा कालिक परिवेश वा पर्यावरणले भूमिका खेलेका छन् । साहित्यशास्त्रमा विभावलाई रसोद्रेकको कारण मानिएको छ । विश्वनाथका अनुसार लोकमा जुनजुन पदार्थ रति आदि भावहरूका उद्‌बोधक हुन्छन्, काव्य तथा नाटकमा तिनीहरू नै विभाव हुने गर्दछन् (विश्वनाथ, सन् २००७, पृ. १३५) । यसको तात्पर्य जुन व्यक्ति वा वस्तुले हाम्रा मनमा वासनाका रूपमा अवस्थित भावहरूलाई जगाउँदछन् तिनीहरूलाई विभाव भनिन्छ । जगन्नाथ पनि विभावलाई स्थायीभावलाई व्यक्त गर्ने कारणकै रूपमा चिनाउँदछन् । उनी लौकिक संसारमा स्थायीभावहरूको नायकसँग सम्बन्धित जुनजुन आलम्बन तथा उद्दीपनका रूपमा वा कारणका रूपमा प्रसिद्ध रहेका छन्, तिनै काव्य तथा नाटकमा व्यञ्जित हुँदा विभाव शब्दबाट परिभाषित गरिन्छन् भनी विभावलाई चिनाउँदछन् (जगन्नाथ, सन् २००८, पृ. १४६) । यस कथनले पनि रति आदि भावलाई जगाउने कारण कारक नै विभाव हुन् भन्ने पुष्टि गरेको छ । यस्ता विभावहरू आलम्बन र उद्दीपन गरी दुई किसिमका मानिन्छन् । विश्वनाथका अनुसार जसलाई आधार बनाएर रसको उद्‌गम हुन्छ, त्यस्ता नायक नायिका आदिलाई नै आलम्बन विभाव भनिन्छ (विश्वनाथ, सन् २००७, पृ. १३७) । नायक तथा विषयवस्तुका साथ साधारणीकरण भएर नै रसको सञ्चार हुने भएकाले नायकनायिका आलम्बन विभावका रूपमा रहने गर्दछन् । उद्दीपन विभावचाहिँ स्थायीभावलाई उद्दीप्त तुल्याउने सहयोगी कारण हुन् ।

*तरुण तपसी*मा कवि, वृक्ष र तपसी स्थायीभाव उद्रेकका मूल कारण अथवा आलम्बन विभाव हुन् । यिनै पात्र र यिनीहरूसँग सम्बन्धित विषयवस्तुका माध्यमबाट काव्यमा स्थायीभाव निर्वेदको प्रकटन भएको छ । पत्नीवियोगजन्य पीडाद्वारा सताइएका र सांसारिक विषयवासनाप्रति निस्पृह रहेका कवि तपस्या गर्ने लहडले कुनै वृक्षमुनि पुगी तपस्याकै विषयमा कविता रच्न उद्यत भए पनि साँझ परेकाले सोही वृक्षमुनि बास बस्न पुग्छन् । रातभरि छटपटी भए पनि रातको चौथो प्रहरमा झकाउन लाग्दा तन्द्रावस्थामा सोही वृक्षमा तपसीको सात्क्षात्कार गर्छन् र सबै कुरा बिर्सिएर तपस्वीमै तन्मय वा एकाकार बनेका सन्दर्भबाट विषयवस्तुको उठान गरिएको छ । काव्यमा तपसीलाई वीतराग योगी तथा धीरप्रशान्त कोटिका नायकका रूपमा प्रस्तुत गरिएको छ (उपाध्याय, २०६५, पृ. १८) । यी *तरुण तपसी* तरु अर्थात् वृक्षमा आरोपित भएका छन् र यिनै वृक्षतपसी वा

तरुतपसीको जीवनभोगाइका माध्यमबाट काव्यमा विषयवासनाप्रतिको निस्पृह भावलाई अभिव्यक्त गरिएको छ । काव्यमा सारा विषयवस्तु तपसीका दृष्टिविन्दुबाट समाख्यायित भएका छन् ।

काव्यमा तपसीले विषयवासनामा लिप्त भएका व्यक्तिहरूलाई दयावान् भई विश्वप्रेमी बन्दै मृत्युपछि अमर पदवी हासिल गर्न तथा विवेकज्योत्स्नाले धरणीलाई शीतल पार्न सल्लाह दिएका छन् । काव्यमा तरुतपसीले अनेक कष्ट भोग्दै र ऋतुचक्रका कठिन परिस्थितिहरूलाई सहँदै सबै किसिमका अनुभवहरू बटुलेको विषयवस्तुलाई प्रस्तुत गरी सांसारिकताबाट प्राप्त हुने पीडाबोधलाई व्यक्त गरिएको छ । आफ्ना बाल्यावस्थामा आफूले अनेक कष्ट सहेको, मान्छे तथा पशुहरूद्वारा आफू प्रताडित भएको अनेक कष्ट सहँदै बढ्दै जाँदा जटामा अनेकथरी चिडिया आएर बस्दा आफूलाई आनन्द लागेको, जटामा एउटा चङ्गा उड्दै आएर च्यातिएकामा जीवन क्षणभङ्गुर भएको अनुभूति भएको, यही सन्दर्भमा मान्छेले आफ्नो कम्मरसम्म पुरेर चौतारो बनाएकामा आफूलाई सकस भएको, आफ्ना जटामा चराहरू आएर आनन्दले रमाएका बेला एउटा सिकारी आई भाले चरीलाई मारिदिँदा आफू मर्माहित भएको तथा आफूले धनीगरिब सबैलाई समभावले हेरे पनि सांसारिक जगत् विषयवासनामा निर्लिप्त भएकामा तरुतपसीलाई अति नै दु:ख लागेको सन्दर्भलाई प्रस्तुत गरी काव्यमा निर्वेद स्थायीभावलाई व्यक्त गर्न खोजिएको पाइन्छ ।

तरुतपसीले ढाक्रे, किसान तथा गरिबहरूलाई लखेटेर सम्पन्न भनाउँदा मान्छेहरू आफ्नो शीतलतामा बसेको देख्दा अति पीडाबोध गरेका छन् । यसै गरी कुनै गरिब मान्छे जाडाका समयमा आएर चौतारामा भोकै रात काटेको घटनाबाट तपसीलाई संसारमा रहेको यस किसिमको विभेदले मानवीय जीवन अत्यन्तै दयनीय भएको अनुभूति गराएको छ । यसै गरी विपन्नहरूलाई कसैले सहयोग नगरेको तथा मानवता मर्दै गएको तथा सञ्चयवृत्ति बढेको देखेर तरुतपसीलाई चिन्ता लागेको छ । सञ्चयवृत्तिकै कारण मान्छेको पतन भएको निष्कर्ष तपसीले निकालेका छन् । मान्छे पैसाका पछि लागेकाले उसमा सञ्चय वृत्तिका साथै लोभ, लालसा बढेको, पैसाकै कारण समाजमा विषमता बढेको र यही पैसाले मान्छेको पतन हुने कुरा तपसीले व्यक्त गरेका छन् ।

तपसीले वर्षा याममा पिलपिल उज्यालो छर्दै हिंडेको जूनकिरीलाई देखेर मानवजीवन पनि जूनकिरीझैँ हुनुपर्ने र जतिसक्दो उज्यालो छर्नसक्नु पर्ने विचार राखेका छन् । मुसलधारे पानी परेपछि जूनकिरीको जीवन समाप्त भएको सन्दर्भबाट तपसीले मानवजीवन पनि क्षणभङ्गुर रहेको निष्कर्ष निकालेका छन् । तरुतपसीले वर्तमान मानव सभ्यताका वर्णनका सन्दर्भमा प्रस्तुत काव्यमा धनी वर्गले गरिबहरूमाथि शोषण गरेको, तत्त्वबोध गर्न नसकी केवल रूढिवादी सोचबाट धर्मलाई अप्नाउने गरिएको तथा नक्कली धर्मका ठाउँमा नक्कली विज्ञानको उदय भएको विचार अगाडि सारेका छन् । तपसीले विज्ञानको सुरुवात भएको त्यस युगमा धर्मलाई पराजित गरी विज्ञान बलियो भएर आएको भए पनि दुवै नि:सार भएको धारणा राखेका छन् ।

विज्ञानको विकासले जडवादीपन बढेको सन्दर्भलाई व्यक्त गरिरहेका प्रसङ्गमा तरुतपसी आफ्नो तपोबलको प्रभावद्वारा व्योमजगत् हुँदै स्वर्गलोकको विचरण गरी स्वर्गीय वैभवको अनुभव गर्दछन् । पृथ्वीमा सत्कर्म गर्नेले स्वर्गीय वैभवलाई प्राप्त गर्न सक्ने तर छलकपट गर्ने तथा अरूका पसिना पिउनेले यस किसिमको उज्यालो प्राप्त गर्न नसक्ने कुरा स्वर्गका ढोकामा लेखिएको कुरालाई तपसी व्यक्त गर्दछन् ।

तपसीले जुनेली रातमा चाँदनीको अमृत पान गर्दागर्दै गुरु अर्थात् परब्रह्मको सात्क्षात्कार गरेका छन् । यस सात्क्षात्कारबाट उनले जीवनमुक्तिको अनुभव गरेका छन् । ब्रह्मसात्क्षात्कार भएपछि तपसीको अज्ञान र विषयममता नष्ट भई उनलाई आत्मबोध भएको छ । उनी सांसारिक विषयवासनाभन्दा माथि उठी जीवनमुक्त योगीका भूमिकामा रही हाँस्न थालेका छन् । तरुतपसी आफ्नो कथा सुनाएर तरुमै विलीन भएपछि कवि बिँउझन्छन् र उनी पनि मोहान्धकारबाट मुक्त हुँदै सबैतिर तपस्या र तपसी मात्र रहेको देख्छन् ।

यसरी प्रस्तुत *तरुण तपसी* प्रबन्धकाव्यमा तरु अर्थात् वृक्ष आफैं तपसीका रूपमा आरोपित भएका पात्र हुन् । यिनै तरुतपसीको जीवनअनुभूतिले यस काव्यमा विषयवस्तुगत स्वरूप प्राप्त गरेको छ भने कवि यहाँ सहायक पात्रका रूपमा आएका छन् । यी पात्रहरूसँग सम्बन्धित रहेको उल्लिखित विषयवस्तुगत आलम्बनका कारण पाठकमा निर्वेद वा शम स्थायीभावको उद्रेक भएको छ । काव्यको समग्र विषयवस्तु निर्वेद वा शम भावको परिपाकमा पुगेर विश्रान्त भएकाले उल्लिखित पात्रहरू तथा ती पात्रसँग सम्बन्धित विषयवस्तु आलम्बन विभावका रूपमा आएका छन् ।

*तरुण तपसी* प्रबन्धकाव्यमा आलम्बन विभावद्वारा निर्वेद वा शमभावको उद्रेक भइसकेपछि त्यसलाई उद्दीप्त बनाउन आलम्बनका चेष्टा अर्थात् वेशभूषाका साथै स्थानिक तथा कालिक परिवेशले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस काव्यको "रसिलो वर्षाको समय ..", पहिलो श्लोकमा नै शम भावोद्दीपक परिवेशको चित्रण भएको पाइन्छ ।

रसिलो वर्षा ऋतुको सन्ध्याकालीन समय, सुनसान बाटो, वृक्षको फेद, शून्य वा एकान्त ठाउँमा रहेको चौतारी, बस्तीदेखि टढा रहेको नदीको कलकल ध्वनिसहितको प्राकृतिक परिवेशले निर्वेद स्थायीभावलाई उद्दीप्त पार्दै प्रकाशित गर्ने काम गरेका छन् । काव्यमा ऋतुपरिवर्तनको चक्रलाई पनि शमभावोद्दीपक कालिक परिवेशकै रूपमा बढी मात्रामा चित्रण गरिएको पाइन्छ । काव्यका विभिन्न प्रसङ्गमा चित्रण गरिएका प्रायः सबै श्लोकहरूले शम वा निर्वेद स्थायीभावलाई नै उद्दीप्त बनाएको पाइन्छ । पर्यावरणको चित्रण गर्दा सौन्दर्यसत्ताको स्थापना गर्नामा भन्दा अध्यात्म जगत्, विषयवासनाप्रतिको विरक्ति, नैतिकताको स्थापनाजस्ता पक्षलाई महत्त्व दिइएकाले काव्यमा शान्त रसलाई नै उद्दीप्त बनाउने उद्देश्य राखिएको पाइन्छ ।

यस काव्यमा शिशिर, वसन्त, हेमन्त, ग्रीष्म, शरद्, वर्षालगायतका ऋतुहरूको पनि शमभावलाई प्रकाशित गर्ने उद्देश्यले नै चित्रण गरिएको पाइन्छ । यी ऋतु चित्रणका सन्दर्भमा पनि भौतिक संसार तथा सांसारिक कालचक्रले मानवीय जीवनमा पारेका सांसारिक प्रभावकै चित्रण गरिएको पाइन्छ । काव्यमा प्रायः यही दृष्टिकोण राखी पर्यावरणको चित्रण गरिएकाले यी उद्दीपक सामग्रीहरू पनि निर्वेद वा शम स्थायीभावका विकासका कारणकै रूपमा आएका छन् ।

यसरी प्रस्तुत प्रबन्धकाव्यमा जेजस्ता रसभावपोषक प्राकृतिक परिवेश वा देशकालको चित्रण गरिएको पाइन्छ ती सबैले निर्वेद स्थायीभावलाई विकसित गरेका हुनाले यिनीहरू शान्त रसलाई नै ध्वनित गराउने उद्देश्यमा केन्द्रित रहेका देखिन्छन् ।

### ७.२ शान्त रसध्वनिका अभिव्यञ्जनामा अनुभावको भूमिका

*तरुण तपसी* काव्यमा विभावका कार्यहरू अनुभावका रूपमा रही शान्त रसध्वनिका अभिव्यञ्जनामा तिनीहरूले विशेष भूमिका खेलेका छन् । साहित्यशास्त्रमा अनुभावलाई विभावहरूका कार्यका रूपमा चिनाइएको पाइन्छ । साहित्यदर्पणकार विश्वनाथ (सन् २००८, पृ. २००) का अनुसार आ-आफ्ना कारणद्वारा उत्पन्न स्थायीभावलाई बाहिर प्रकट गर्नाका लागि हुने शारीरिक व्यापार वा कार्यलाई अनुभाव भनिन्छ । यसको तात्पर्य काव्यनाटकमा रहेका विभाव वा पात्रहरू हाँस्ने, रुने, पसिना झार्नेजस्ता जेजस्ता कार्यहरू गर्दछन् त्यसैलाई अनुभाव भनिन्छ । *तरुण तपसी* प्रबन्धकाव्यमा कवि, तपसीलगायतका पात्रहरूले गरेका कार्यहरू अनुभावका रूपमा रहेका छन् । तपस्या गर्ने लहडले एकान्त ठाउँको कुनै वृक्षमुनि पुगेका कवि कविता लेख्नका लागि टोल्हाउनु, साँझ परेपछि कविको मुटु धड्किनु, खुट्टा काँप्नु, कवि त्यहीँ ढल्किनु, दिव्य तपसीको दर्शनपछि

कवि तपस्वीमै तन्मय हुनुजस्ता कविका कार्यहरूले काव्यको प्रारम्भमा नै अनुभावको कार्य गरेका छन् । त्यसपछिका तरुतपसीका समग्र कार्यहरू काव्यमा अनुभावका रूपमा आएका देखिन्छन् ।

बाटामा बटुवाहरू जथाभाबी हिंड्दा तरुतपसी थर्कनु वा डराउनु, बाल्य कालका तपसीले न्याहुलीले जस्तै अनेक बिलौना गर्नु, पानी परेपछि तरु तपसी आनन्दित हुनुजस्ता कार्यहरू अनुभावका रूपमा काव्यको प्रारम्भिक खण्डमा नै आएका देखिन्छन् । यी कार्यहरूले शम वा निर्वद स्थायीभावलाई रसदशामा पुऱ्याउन भूमिका खेलेको पाइन्छ ।

शिशिर ऋतुमा तरुतपसीलाई अतिशय ठण्डा भएकाले उनी हलनचल हुनु, शिशिर ऋतुको समाप्तिपछि पृथ्वीमा उल्लास छरिएपछि तरुतपसी आनन्दले गदगद हुनु, तपसीले जुनसुकै परिस्थिति सहँदै जानु, सिकारीले चरालाई मारेको देखेपछि तरुतपसीको हृदय चिरिनु, यस किसिमको परहिंसा देखेर तपसी आँखा चिम्लिएर एक्लै भोक्राउनु, आफ्ना पादपमुनि ग्वाला तथा कृषकहरू मिलिजुली बस्ता तपसीले आनन्द मान्नु, नगरका ठुला भनाउँदा व्यक्तिहरूले ती ढाक्रे तथा कृषकहरूलाई हटाउँदा तपसी धुरुधुरु रुनु, एउटा भोको अतिथि शिशिर ऋतुका कुनै रात्रिमा आएर भोकै रात कटाएको देखेर तपसीलाई दुःख लाग्नु तथा धनीहरूले धन सञ्चय गरी गरिबहरूलाई नदिएका कारण तपसीलाई मावजुनीप्रति नै घिन लाग्नु, प्रकृतिले आफूलाई फलफूलले खचित गराएकामा वृक्ष तपसीले आनन्द प्रकट गर्नु, मान्छेले आफूमा रहेका फल डोकामा भरेर लगेकामा तपसीले विस्मय तथा व्यङ्ग्यमय हाँसो प्रकट गर्नु, पैसाका लागि मान्छेले जस्तो पनि कार्य गरेकामा तपसीका आँसु चुहुनु, हृदय घाइते हुनु, वर्षा ऋतुको रातको बाक्लो अँध्यारामा जूनकिरी ज्योति छर्दै हिँडेको देख्दा तपसीले विस्मय प्रकट गर्नु, मुसलधारे पानीले उसको जीवनकला समाप्त पारिदिएपछि तपसीलाई दुःख लाग्नु, आफ्नो चौतारीमा आएर बसेका विभिन्न किसिमका पथिकहरूको भावलहरी देखेर तपसीले अनेक तर्कवितर्क गर्नु, मान्छेले देवता ठानेर आफूलाई पूजा आराधना गर्नाका साथै भाकलसमेत गरी निर्दोष पशुको बलि दिएकामा तपसीले दुःख प्रकट गर्नु, नक्कली धर्मका सट्टा नक्कली विज्ञानको उदय भई यी दुईका बीचमा भिडन्त हुँदा तपसीले चिन्ता प्रकट गर्नु, विज्ञानको विजय भई जडवादीपन बढ्दा तपसीले अनेक चिन्ता प्रकट गर्नुजस्ता यावत् कार्यहरू भौतिक संसारप्रतिको वितृष्णासँग सम्बन्धित रहेका छन् ।

भौतिक जगत्मा विद्यमान विचित्रतालाई देखेर विस्मित हुँदै तपसीले ध्यानमग्न वा समाधिस्थ भई सांसारिक विषयवासनाबाट मुक्त भएर स्वर्गीय सुखको अनुभूति गर्नु, तपसी गुरुसात्क्षात्कार गरी दशदिशातर्फ दृष्टि दिँदै गदगद हुनु, तपसी फेरि वास्तविक जगत्मा आई अनेक तर्कवितर्कमा डुब्नु, तपसी सांसारिक विषयवासनाबाट माथि उठी जीवन्मुक्त भई हाँस्न थाल्नु र पछि पुनः सोही चौतारीमा समाधिस्थ हुनुजस्ता क्रियाहरू यस काव्यमा अनुभावका रूपमा आएका छन् ।

यसरी *तरुण तपसी*मा तपसी तथा कविका यावत् कार्यव्यापारले भौतिक संसारमा विद्यमान विकृतिविसङ्गतिप्रतिको विमुखतालाई अभिव्यक्त गर्दै विषयवासनाप्रतिको निस्पृहतालाई व्यक्त गरेको पाइन्छ । यी विविध अनुभावसँग सम्बन्धित कार्यहरूले काव्यमा निर्वेद स्थायीभावलाई रसदशामा पुऱ्याई शान्त रसध्वनिलाई ध्वनित गराउन विशेष भूमिका खेलेको पाइन्छ ।

### ७.३ शान्त रसध्वनिका अभिव्यञ्जनामा व्यभिचारीभावको भूमिका

*तरुण तपसी* काव्यमा निर्वेद, मति, जीवदयालगायतका व्यभिचारीभावका माध्यमबाट शान्त रसध्वनिलाई अभिव्यञ्जित गरिएको पाइन्छ । व्यभिचारी वा सञ्चारी भावलाई रसका सहकारी वा सहयोगी भावका रूपमा लिने गरिएको छ । विश्वनाथ (सन् २००७, पृ. २०३) का अनुसार त्यस्ता भावलाई

व्यभिचारीभाव भनिन्छ, जसले विशेष उत्कृष्टता वा अनुकूलताबाट स्थायीभावलाई रसावस्थामा परिणत गर्दछन् तथा स्थायीभावस्वरूप समुद्रमा उत्रदै डुब्दै गर्दछन् । यसरी अस्थिर रूपमा उत्पन्न हुँदै हराउँदै स्थायीभावलाई रसावस्थामा पुऱ्याउन सहयोग गर्ने भावहरू नै व्यभिचारीभाव हुन् । साहित्यशास्त्रमा यस्ता भावहरू तेत्तीसवटा गणना गरिएका छन् भने एउटा रसको स्थायीभाव अन्य रसमा व्यभिचारीभाव बन्न सक्ने भएकाले यिनीहरूको सङ्ख्या निकै देखिन्छ । रसअनुसार सञ्चारी वा व्यभिचारीभावहरू पनि भिन्नभिन्न हुने गर्दछन् । विश्वनाथ ( सन् २००७, पृ.२६३) ले शान्त रसमा निर्वेद, हर्ष, स्मरण, मति, जीवदया, आदि व्यभिचारीभाव रहने उल्लेख गरेका छन् । *तरुण तपसी* काव्यमा यी भावहरूले शान्त रसध्वनिलाई अभिव्यञ्जित गर्न विशेष भूमिका खेलेको पाइन्छ ।

*तरुण तपसी* प्रबन्धकाव्यमा शान्त रसका सञ्चारीभावका रूपमा निर्वेदलगायतका भावहरू आएका देखिन्छन् । तत्त्वज्ञान आदिका कारण आफूले आफूलाई धिकार्नु निर्वेद हो । यस काव्यमा "सुती लेटी मिल्ने सुखसयल जानैं न त रति । त ता कोही तीर्थ भ्रमणसुख भोगैं अलिकति" (प्रथम विश्राम, श्लोक ३२) जस्ता कथनमा निर्वेद व्यभिचारीभावको "उदेकाएँ केही मगज तह लाएँ पवनको । थमौतीमा ल्याएँ गति कल चलाएँ वचनको" (सप्तदश विश्राम, श्लोक ३२) जस्ता कथनमा आवेगको, "मुटु धड्क्यो ज्यादा पयर हुन थाले लुटुपुटु" (प्रथम विश्राम, श्लोक ११) लगायतका धेरै श्लोकमा दैन्यको, "त्यसै बेला घुम्दै विजन पथको पादपमुनि । पुगे कोही यौटा कविवर बिसाऊँ अब भनी" (प्रथम विश्राम, श्लोक १) लगायतका श्लोकमा श्रमभावको, "म तेही वासन्ती मधुर छविको रङ्ग रसमा डुबी पौडी खेल्दै पलपल लिँदै दिव्य सुषमा" (चतुर्थ विश्राम, श्लोक २४) जस्ता कथनमा मद भावको, "म एक्लै झोक्राएँ नयन युग चिम्ली विजनमा" (सप्तम विश्राम, श्लोक ६) जस्ता प्रसङ्गमा जडता भावको "कुनै मुन्टो टोकूँ भनि नयन दिन्थे उपर ती, कुनै खेल्दैखेल्दै घुसुघुसु धकेल्थे मकन ती" (तृतीय विश्राम, श्लोक ७) लगायतका सन्दर्भमा उग्रता भावको, "यती चाँडै मेरो किन कसरी आँखा धमिलियो ? तमासा यो क्या हो ? भुवन किन मैलो सब भयो ?" (सप्तम विश्राम, श्लोक ५) जस्ता कथनमा मोह भावको, "उडेछु त्यै बेला चपलगति सङ्कल्प रथमा । चढी ज्यादा माथि गगन बिच वा शून्य पथमा" (सप्तम विश्राम, श्लोक ७) लगायतका ठाउँमा विबोध भावको, "झकाई त्यै बेला अगम दहराऽऽकाश बिचमा ..." जस्ता सन्दर्भमा स्वप्न भावको, "खडेरीले पोल्दा तन सब सुक्यो मस्तक झुक्यो, छुट्यो मानू नाडी चलन पदमा जीवन लुक्यो" (द्वितीय विश्राम, श्लोक २०) जस्ता उद्धरणमा अपस्मार भावको, "फुक्यो छाती लम्बा, प्रबल भुजको मण्डलमनि" (पञ्चम विश्राम, श्लोक १५) जस्ता कथनमा गर्व भावको अभिव्यक्ति रहेको पाइन्छ । यी भावहरूले शान्त रसको स्थायीभाव निर्वेदलाई रसदशामा पुऱ्याउन ठुलो भूमिका खेलेको पाइन्छ । यसै गरी प्रस्तुत प्रबन्धकाव्यमा "हवामा पौडन्थैं, जुन मधुर सङ्गीत मुखमा थियो त्यसले तिम्रो श्रुतिविवर भर्थैं म सुखमा" (षष्ठ विश्राम, श्लोक १२) जस्ता कथनमा स्मृति भावको, "म सुस्ताएँ, सुस्तै तनविषयको मान ममता । गयो गल्दै गल्दै विलय हुन थाल्यो विषमता" (सप्तदश विश्राम, श्लोक १४) जस्ता कथनमा मति भावको, "घृणाको निन्दाको सब शिथिल भो बाह्य विषय । भयो साऱ्है हल्का सुखमय अनासक्त हृदय" (सप्तम विश्राम, श्लोक १३) जस्ता कथनमा हर्ष भावको, "तपस्वीको एकै व्रत छ दुनियाँको उपकृति" (एकोनविंशति विश्राम, श्लोक १२) जस्ता कथनमा धृति भावको "म फेरी टोलाएँ, स्मृतिपथ सबै उज्ज्वल भयो । अँध्यारोमा मानू नियतिवश सूर्योदय भयो" (सप्तदश विश्राम, श्लोक ४) जस्ता उद्धरणमा चिन्ता भावको एवम् "तपस्वी कस्तो हो ? कठिन तपको तत्त्व कुन हो ?" (प्रथम विश्राम, श्लोक ५) जस्ता कथनमा तर्क व्यभिचारीभावको अभिव्यक्ति रहेको पाइन्छ ।

प्रस्तुत *तरुण तपसी* प्रबन्धकाव्यमा उल्लिखित भावहरू स्थिर रूपमा नभई प्रसङ्गअनुसार आउँदै हराउँदै गरेका छन् । यी सबै भावहरू भौतिक संसारमा देखिने विकृति, विसङ्गति, विषमता, अमानवता,

मान्छेमा रहेको जडता, पशुपन आदिका विरोधमा नै आएका देखिन्छन् । यी भावहरूले प्रस्तुत काव्यमा आद्यन्त विस्तारित शम वा निर्वेद स्थायीभावलाई परिपक्व बनाई रसावस्थामा पुऱ्याउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

**७.४ शान्त रसध्वनिको अभिव्यञ्जनामा अन्य रसध्वनिको भूमिका**

*तरुण तपसी* प्रबन्धकाव्यमा शान्तबाहेकका अन्य शृङ्गार, हास्य, करुण तथा बीभत्स रसध्वनिहरूको पनि अभिव्यञ्जना रहेको पाइन्छ । काव्यमा रहेका यी रसध्वनिहरू प्रासङ्गिक रसध्वनिका रूपमा प्रयोग भएका देखिन्छन् । साहित्यशास्त्रमा वीर, शृङ्गार, रौद्र, हास्य र भयानक रसलाई शान्त रसका विरोधी रसका रूपमा चिनाइएको पाइन्छ (विश्वनाथ, सन् २००७, पृ. २६८) । यी रसहरूलाई मुख्य रसको अनुकूल हुनेगरी अङ्ग रसका रूपमा समावेश गर्दाचाहिँ मुख्य रसका परिपाकमा प्रतिकूलता नहुने उल्लेख पाइन्छ (मम्मट, सन् २००९, पृ.२७८) । यस काव्यमा उल्लिखित सबै रसहरूलाई मुख्य रसको अनुकूल हुने गरी नै समावेश गरिएको पाइन्छ ।

*तरुण तपसी*मा शान्त, करुण, शृङ्गार, रौद्र, भयानक, हास्यजस्ता रसहरूको अवस्थित देखिन्छ । काव्यका विभिन्न प्रसङ्गमा करुण रसको अवस्थिति अलि बढी देखिन्छ । यही कारणले हुन सक्छ बालकृष्ण समले *तरुण तपसी*को भूमिकाममा यो काव्यलाई करुणरसप्रधान भन्न खोजेको देखिन्छ । काव्यगत परिणतिलाई हेर्ने हो भने चाहिँ काव्यका अन्त्यमा वक्ता तरु-तपसी विश्रान्त बनेको र श्रोता कविपात्रले पनि आफ्ना मनको संशयान्धकार नष्ट भई तपस्याबोध गरेको र भित्री मनमा नै शान्ति अनुभव गरेको स्थितिद्वारा शम स्थायी भावको अभिव्यक्ति गरी शान्तरसलाई प्रबन्धकाव्यगत रसका रूपमा प्रतिफलित तुल्याएको देखिन्छ (अवस्थी, २०६४, पृ. १३०) । प्रासङ्गिक रसका रूपमा चाहिँ यस काव्यमा करुण रसकै प्रधानता देखिन्छ । काव्यका विभिन्न प्रसङ्गमा निम्नअनुसारका प्रासङ्गिक रसध्वनिहरूको प्रयोग भएको पाइन्छ :

**क. करुण रसध्वनि**

*तरुण तपसी* काव्यभित्र चरीको हत्याजन्य मृत्यु प्रसङ्ग, भोको गरिब अतिथिको दीनदशाको वर्णनका साथै मजदुर वर्गको जीवनस्थितिको वर्णनजस्ता सन्दर्भमा शोक स्थायी भाव हुने करण रसको अभिव्यञ्जना रहेको देखिन्छ । यसका साथै काव्यका अन्य प्रासङ्गिक सन्दर्भहरू पनि शोक भावमा नै आधारित रहेका देखिन्छन् । यी सबै सन्दर्भबाट व्यञ्जित हुने करुण रसध्वनिले शान्त रसध्वनिका अभिव्यञ्जनामा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

*तरुण तपसी* काव्यमा अनेक ठाउँका अनेक चिडियासमूह आएर रमाइरहेका समयमा कुनै, व्याधा आएर मट्याङ्ग्राले हिर्काउँदा एउटा चरी चीँचीँ गर्दै रूखबाट खसेको प्रसङ्गबाट यहाँ यस शोकपूर्ण विषयवस्तुलाई यसरी उठान गरिएको देखिन्छ । चरी हत्यासम्बन्धी यस घटनाले तरु तपसीको हृदय चिरिनाका साथै दयाका कारण आँखाबाट आँसु झरेको, सिकारीले झटपट गएर घाइते चरीलाई अँठ्याएको र त्यही स्थितिमा चरीले विलाप गरेको सन्दर्भ नै यस प्रासङ्गिक कथानकको विषयवस्तु हो । चरीले सिकारीको क्षुधा र आफ्नो आकारका बीचमा तुलना गर्दै आफूबाट सिकारीको भोक तृप्ति हुन नसक्ने कुरा व्यक्त गर्नाका साथै मान्छेको निर्दयीपन तथा कुत्सित स्वभावप्रति व्यङ्ग्य गरेको छ । मान्छेले नै पशुपक्षी र मानवका बीचको सहज प्राकृतिक सम्बन्धलाई भत्काएको, प्रकृतिमा स्वतन्त्र रूपमा विचरण गरिरहेको चरीलाई अनाहकमा मान्छेले मारेको कुरालाई काव्यमा अत्यन्तै करुणापूर्वक प्रस्तुत गरिएको छ । आफू बाल्यावस्थामा रहँदै कालगतिले

पितामाताको र नियतिवश भाइबहिनीको समेत मृत्यु भएर वंशबिरुवाका रूपमा एक्लो जीवित रहेको चरीलाई व्याधाले मट्याङ्ग्राले हिर्काई मार्न आँटेको स्थितिमा चरी हदैसम्म व्याकुल भएको छ ।

यसरी व्यापक पीडाबोध र मानवताप्रति आक्रोश व्यक्त गर्दै चरीको मृत्यु भएको, उक्त तोलाभरको चरीलाई बोकेर सिकारी आफ्नो गन्तव्यतर्फ लागेको तथा यस किसिमको घटनाले तरु तपसीलाई अत्यन्तै मर्माहत बनाएको सन्दर्भबाट प्रस्तुत *तरुण तपसी* काव्यमा चरीहत्यासम्बन्धी प्रासङ्गिक कथावस्तुलाइ पूर्णता दिइएको छ ।

कारुणिक इतिवृत्तमा आधारित चरीहत्या प्रसङ्गलाई *तरुण तपसी* काव्यमा रसमय बनाई प्रस्तुत गरिएको छ । यस प्रसङ्गमा विभावन, अनुभावन तथा व्यभिचारण व्यापारका साथै साधारणीकृत क्रियाका माध्यमबाट भावकनिष्ठ शोक स्थायीभावको प्रकटन एवम् उद्दीपन हुँदै परिपाक हुन पुगेको छ । यहाँ वाच्यार्थबोध वा चरीहत्यासँग सम्बन्धित विषयवस्तुको बोधसँगै करुण रसको प्रतीति हुने भएकाले यो प्रासङ्गिक कथावस्तुबाट असंलक्ष्यक्रम करुण रसध्वनिको अभिव्यक्ति भएको पाइन्छ । यसरी करुण रसध्वनिका प्रतीतिका लागि यहाँ उक्त रसध्वनिका यावत् सामग्रीहरूको संयोजन भएको देखिन्छ ।

*तरुण तपसी* काव्यमा उल्लिखित प्रसङ्गका अतिरिक्त तरुतपसीले बाल्यकालमा भोग्नुपरेका पीडाहरूका वर्णनका सन्दर्भमा, भोको पथिकको दयनीय अवस्थाका वर्णनका सन्दर्भमा, याचकहरू माथि धनसञ्चयी व्यक्तिहरूले गरेको अमानवीय व्यवहारका वर्णनका प्रसङ्गमा करुण रसध्वनिको अभिव्यञ्जना गरिएको पाइन्छ । यस काव्यका दोस्रा, तेस्रा तथा चौथा विश्राममा तरुतपसीको बाल्यजीवनको वर्णन गरी पर्यावरण एवम् पशुहरूका आतङ्कका कारण तरुतपसी दयनीय बन्नुपरेको स्थिति देखाई करुण रसध्वनिको अभिव्यञ्जना गरिएको देखिन्छ । यी प्रसङ्गमा तरुतपसी आलम्बन विभाव, बाल्य वय तथा शीतोष्ण परिवेश उद्दीपन विभाव, तरुतपसीका कार्य अनुभाव एवम् निर्वेद, दैन्य, जडता, सन्त्रास आदि सञ्चारीभावका रूपमा आएका छन् । काव्यका “न ता मेरो काया प्रबल ....” (द्वितीय विश्राम, श्लोक १५, पृ. १५४) “कुनै मुन्टै टोकूँ भनि नयन दिन्थ ....” (तृतीय विश्राम, श्लोक ७, पृ. १६०) “कतै छाला लत्क्यो ....” (तृतीय विश्राम, श्लोक ९, पृ. १६१) “पिट्यो पाता कस्तै ....” (चतुर्थ विश्राम, श्लोक ५, पृ. १७२) श्लोकबाट करुण रसध्वनिको व्यञ्जना भएको पाइन्छ ।

*तरुण तपसी* प्रबन्धकाव्यको नवौं विश्राममा भोको पथिकको वर्णन गरी शोकलाई साधारणीकृत अवस्थामा पुऱ्याई करुण रसध्वनिको अभिव्यञ्जना गरिएको छ । यहाँ भोको पथिक आलम्बन विभाव, उसको परिधान, शीतकालीन रात्रिको परिवेश उद्दीपन विभाव, जाडाले काप्नु, दाँत बज्नुजस्ता कार्यहरू अनुभाव तथा दैन्य श्रम, जडताजस्ता भावहरू व्यभिचारी भावका रूपमा आई करुण रसलाई अभिव्यञ्जना गरेका छन् । यसै गरी प्रस्तुत काव्यका धेरै श्लोकमा करुण रसध्वनिलाई अभिव्यञ्जित गरिएको पाइन्छ । यी विविध प्रसङ्गमा आएका करुण रसले प्रबन्धकाव्यगत रसध्वनि शान्तका अभिव्यञ्जनामा अनुकूल प्रभाव पारेका छन् ।

**ख. भयानक रसध्वनि**

*तरुण तपसी* प्रबन्धकाव्यमा भयानक रसध्वनिले प्रासङ्गिक रसध्वनिका रूपमा रही शान्त रसध्वनिका परिपाकमा भूमिका खेलेको छ । भयानक रसलाई शान्तको विरोधी वा प्रतिकूल मान्ने गरिएको पाइन्छ ( विश्वनाथ, सन् २००७, पृ.२६८) तथापि प्रासङ्गिकाङ्गीभावका रूपमा एउटै काव्यमा यी दुई रसको समावेश गर्दा विरोध नभई अनुकूलता हुने भएकाले पनि यस काव्यमा भयानक रस शान्त रसको उपकारककै रूपमा

आएको देखिन्छ । यस काव्यमा तरुतपसीको बाल्यावस्थाका वर्णनका सन्दर्भमा निम्नअनुसारका भयानक रसको अभिव्यक्ति भएको पाइन्छ, :

कहाँ कस्ले कस्तो किसिमसित कुल्चन्छ शिरमा
भनी डर्दै, तर्दै नयन बटुवाका पयरमा ।
म गन्थेँ बाटामा निशिदिन कठै ! जीवनघडी
मजा मानी बुन्थे मलिन मुखमा जाल मकडी ।

यस कथनमा बटुवा भयोत्पादक आलम्बन विभाव, तज्जन्य परिवेश उद्दीपन विभाव, आँखा तर्नु, सशङ्कित हुनु अनुभाव तथा औत्सुक्य, शङ्का, सन्त्रासजस्ता सञ्चारीभावहरूका संयोजनबाट भय स्थायी भाव भयानक रसदशामा पुगेको छ । काव्यका अन्य सन्दर्भमा पनि प्रसङ्गअनुसार भयानक रसको अभिव्यक्ति भएको पाइन्छ ।

## ग. शृङ्गार रसध्वनि

*तरुण तपसी* प्रबन्धकाव्यमा प्रासङ्गिक रसध्वनिका रूपमा सीमित प्रसङ्गमा शृङ्गार रसध्वनिको प्रयोग गरिएको पाइन्छ, शान्तको प्रतिकूल रसध्वनि भए पनि यसले प्रस्तुत काव्यमा प्रबन्धकाव्यगत रसध्वनिका अभिव्यञ्जनामा भूमिका खेलेकै पाइन्छ । यस काव्यमा तरुतपसीको किशोरावस्थाको वर्णन गर्दा शृङ्गार रसध्वनिको अभिव्यक्ति निम्नअनुसार भएको पाइन्छ, :

त्यही फागुद्वारा उस बखत मेरो शिरभरी
चढ्यो चिल्लो लाली टलक अथवा माणिक सरी
म त्यो देखी आफैँ मनमन बडो गद्‌गद भएँ
वसन्तश्रीलाई प्रणयफूलको अञ्जली दिएँ । (चतुर्थ विश्राम, श्लोक २२)

यहाँ वृक्ष तथा वसन्तश्री आलम्बन विभाव, लालिमायुक्त आभूषण उद्दीपन विभाव, गदगद हुनु, वसन्तप्रति समर्पित हुनु अनुभाव तथा मद, उग्रता, मोह, गर्व, औत्सुक्य भावहरू सञ्चारीभावका रूपमा प्रयुक्त भई शृङ्गार रसध्वनिको अभिव्यञ्जना भएको छ । काव्यमा प्रासङ्गिक रूपमा अभिव्यक्त भएको यो शृङ्गार रस पनि जीवनजगत्‌को यथार्थबोधमा सहयागी हुनाका साथै प्रासङ्गिक रसध्वनिका रूपमा आएकाले मुख्य रसध्वनिका अभिव्यञ्जनामा उपकारक नै भएको देखिन्छ ।

## घ. बीभत्स रस

*तरुण तपसी* प्रबन्धकाव्यमा बीभत्स रसध्वनिलाई पनि प्रासङ्गिक रसध्वनिका रूपमा प्रयोग गरिएको पाइन्छ । यसले प्रबन्धकाव्यगत रसध्वनि शान्तलाई अनुकूलन गरेको पाइन्छ । काव्यको तेर्‍हौँ विश्राममा विपन्न व्यक्तिको घिनलाग्दो स्वरूपका वर्णनका सन्दर्भमा निम्नअनुसार बीभत्स रसध्वनिको अभिव्यक्ति भएको पाइन्छ :

कुनै फुस्रा धुस्रा चुटुचुटु जगल्टा र जुटिका
फुटाई पल्टाई चपलगति दुर्भाग्य गुटिका
टिपी राखी ढुङ्गा उपर सब फोर्थे पटपटी
मलाई त्यो देख्दा हृदयबिच हुन्थ्यो छटपटी । (त्रयोदश विश्राम, श्लोक २४)

यहाँ विपन्न वा घृणित व्यक्ति आलम्बन विभावका रूपमा धुस्रे तथा मैला जगल्टा अनुभावका रूपमा, ढुङ्गामाथि राखी जुम्रा मार्नु, हृदयमा खटपटी हुनु अनुभावका रूपमा र आवेग, दैन्य, उन्माद, व्याधिभावहरू

अनुभावका रूपमा रही घृणा स्थायीभाव रसरूपमा पाठक वा भावकका मनमा अभिव्यञ्जित भएको छ । यस अभिव्यञ्जनाले विषयवासनाप्रतिको वितृष्णालाई जगाई शान्त रसलाई अझ परिपक्व बनाउन सहयोग गरेको पाइन्छ ।

### ङ. हास्य रस

*तरुण तपसी* प्रबन्धकाव्यमा शान्त रसध्वनिको अनुकूलन हुनेगरी हास्य रसध्वनिलाई प्रासङ्गिक रसध्वनिका रूपमा समावेश गरिएको छ । खासगरी यस काव्यको अष्टादश विश्राममा तरुतपसीले योगबलका माध्यमबाट संसारको विचरण गर्दा हास्य रसको सञ्चार भएको पाइन्छ । यद्यपि हास्य रस शान्त रसको प्रतिकूल मानिएको छ तर यस काव्यमा उक्त रसलाई केवल हास्यतत्त्वको सिर्जना गर्न नभई जीवनजगत्को विचित्रताप्रति हास्यभाव प्रकट गर्नका लागि प्रयोग गरिएको हुनाले शान्त रसको ध्वन्यात्मकतामा सहयोग पुगेको देखिन्छ । निम्नअनुसारका पङ्क्तिमा हास्य रसध्वनिको अभिव्यञ्जना रहेको पाइन्छ, :

लबर्पाडे कालो तरुण रसिलो बादल पनि
तमासा त्यो देखी हृदयबिच लाग्यो र मुहुनी
ठूलो खित्का छोडी गगनभर घुम्दै फनफनी
जथाभावी हाँस्यो, सबतिर गऱ्यो आँखा मिचनी । (अष्टादश विश्राम, श्लोक ७)

यहाँ लबर्पाडे कालो बादल आलम्बन विभाव, तमासापूर्ण परिवेश उद्दीपन विभाव, खित्का छाडी हाँस्नु अनुभाव तथा आवेग उत्सुकताजस्ता सञ्चारी भावका माध्यमबाट हास्य रसलाई ध्वनित गरिएको छ ।

उल्लिखित करुण, शृङ्गार, भयानक, बीभत्स तथा हास्य रसध्वनिहरूमध्ये करुण र बीभत्स रसध्वनिले शान्त रसध्वनिको अभिव्यञ्जनामा अविरोधी रसका रूपमा र अन्य शृङ्गार, भयानक तथा हास्य रसध्वनिहरूले विरोधी रसध्वनिका रूपमा रही अनुकूल भूमिका खेलेका छन् । यस काव्यमा विरोधी स्वभावका रसध्वनिहरूलाई पनि शान्त रसध्वनिलाई प्रबन्धकाव्यका तहमा अभिव्यञ्जित गर्ने गरी समावेश गरिएको पाइन्छ । प्रासङ्गिक रूपमा आएका यी सबै रसध्वनिहरू शान्त रसध्वनिलाई व्यञ्जित गर्न नै काव्यमा प्रयोग गरिएको पाइन्छ ।

### ७.५ शान्त रसध्वनिका अभिव्यञ्जनामा साधारणीकरणको प्रक्रिया

*तरुण तपसी* प्रबन्धकाव्यमा तरुतपसीलगायतका विभाव, अनुभाव, सञ्चारीभावका साथै स्थायीभाव शम वा निर्वेदको साधारणीकरण प्रक्रियाका माध्यमबाट शान्त रसध्वनिको अभिव्यञ्जना भएको छ । साधारणीकरण हुनु भनेको पात्र, स्थान, काल, परिवेश, पात्रका कार्यहरूका साथै भावकनिष्ठ स्थायीभावको समेत विशिष्टभाव समाप्त भई वा तिरोहन भई तिनीहरू सामान्य अवस्थामा अनुभूत हुनु हो । यस किसिमको साधारणीकरणको प्रक्रियापछि मात्र आनन्द स्वरूपमा रसको चर्वणा वा अनुभूति हुन्छ । साहित्यदर्पणकार विश्वनाथले यस किसिमको साधारणीकरणको प्रक्रियालाई सूक्ष्म रूपमा व्याख्या गर्दै यसैका कारणले गर्दा भावकले विभाव र तिनका कार्यलाई आफू र आफूले नै गरेका कार्यका रूपमा अनुभूति गर्छ भन्ने धारणा राखेका छन् (सन् २००७, पृ. ११८) । यस प्रक्रियाबाट नै भावकले सम्पूर्ण पात्र, परिवेश र घटनाहरू आफ्नै हुन् भन्ने अनुभूति गर्दछ । यसलाई विषयवस्तुको मन्मयीकरण भनिन्छ र यही प्रक्रियापछि मात्र रसको आस्वादन हुन्छ ।

*तरुण तपसी* प्रबन्धकाव्यमा शान्त रसध्वनिका अभिव्यञ्जनामा साधारणीकरण प्रक्रियाको महत्त्वपूर्ण भूमिका रहेको छ । यस काव्यमा कान्ताविरही कवि तथा तरु तपसी आलम्बन विभाव, एकान्त परिवेश, सन्ध्या, रात्रि एवम् प्रातकालीन परिवेश उद्दीपन विभाव, कवि तथा तपसीका कार्यहरू अनुभाव तथा निर्वेद, आवेग,

दैन्य, जडता, उग्रता सञ्चारीभावका रूपमा आई यिनीहरूका संयोजनका माध्यमबाट शान्त रसध्वनिको अभिव्यञ्जना भएको छ । कवि तपस्या गर्ने सोचाइमा पुगेको घटनाबाट नै शम वा निर्वेद स्थायीभावको अभिव्यञ्जनाको पृष्ठभूमि निर्माण भएको छ भने तरुमा तपसीको सात्क्षात्कार गरेपछि र तरुतपसीले आफ्नो इतिवृत्तको वर्णन गर्दै जगत् र जीवनप्रतिको नि:सारताको अनुभूति गर्दै गएपछि भावकका मनोदशामा परिवर्तन आई भावकले तरुतपसीलाई आफूदेखि अभिन्न ठान्न थाल्दछ । यो विभावको साधारणीकरणको अवस्था हो । यसरी विभावको साधारणीकरणपछि तिनका सम्पूर्ण कार्यहरूलाई भावकले आफ्नै कार्य तथा अनुभूतिका रूपमा बोध गरेको छ । यो अनुभाव तथा सञ्चारीभावको साधारणीकरणको प्रक्रिया हो । यसका साथै काव्यमा वर्णित चरीहत्या, भोको अतिथिको दयनीय अवस्था, याचक तथा वटुवाहरूको कारुणिक जीवनस्थितिसँग सम्बन्धित घटनाहरूले भावकलाई अत्यन्तै प्रभावित पार्ने काम गरेकाले तिनीहरूलाईसमेत भावकले आफूदेखि अभिन्न ठानी ती सबैलाई मन्मयीकरण गरेको छ । काव्यमा तरुतपसीले विषयवासनाबाट मुक्त भई जीवनजगत्का यावत् विषयवस्तुमा समभावयुक्त दृष्टिकोण राख्दै ब्रह्मसात्क्षाकर गरेका सन्दर्भलाई भावकले आफ्नै अनुभूतिका रूपमा बोध गर्दै आफूले नै ब्रह्मसात्क्षात्कार गरेको ठान्दछ । यो अवस्थापछि मात्र भावकमा शान्त रसध्वनिको अनुभूति भएको छ । यस किसिमको अनुभूतिमा साधारणीकरण वा मन्मयीकरणको प्रक्रियाले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## ८ शान्त रसध्वनिको अभिव्यञ्जना

प्रस्तुत *तरुण तपसी* प्रबन्धकाव्यमा भौतिक विषयवस्तुप्रतिको वितृष्णालाई प्रस्तुत गरी आध्यात्मिक भावलाई मुख्य रूपमा प्रस्तुत गरिएको पाइन्छ । काव्यमा तरुतपसीको जीवनभोगाइका माध्यमबाट भौतिक संसारप्रतिको निस्पृहतालाई प्रस्तुत गरी उसले सांसारिक विषयप्रपञ्चदेखि दिग्दार भई वैराग्य धारण गरेको, तपसी बनेर ब्रह्मसात्क्षात्कार गरेको, ब्रह्मसात्क्षात्कारपछि ब्रह्मज्ञानी भई उनको मन शान्त, निर्विकार र निर्विकल्प तथा आनन्दमय भएको, दिव्य ज्ञान प्राप्त भएपछि तपसीले जीवन र जगत्देखि तटस्थ र असम्पृक्त भएर सिङ्गो विश्वलाई हास्यमय देखेकोजस्ता भावविचार प्रस्तुत गरी यसका माध्यमबाट आध्यात्मिक भावचैतन्यलाई प्रस्तुत गर्न खोजेको पाइन्छ । यस किसिमको भावचैतन्यबाट काव्यमा शान्त रसको अभिव्यञ्जना भएको छ ।

*तरुण तपसी* प्रबन्धकाव्यमा शान्त रस नै प्रमुख रूपमा ध्वनित भएको कुरा धेरै समीक्षकहरूले उल्लेख गरेका छन् । वासुदेव त्रिपाठीले प्रबन्धकाव्यका रूपमा *तरुण तपसी* शान्त रसप्रधान भएको तथ्यलाई यसरी उल्लेख गरेका छन् - “*तरुण तपसी*को प्रबन्धविधान शैलीगत उपलब्धि हुनाका साथै वैचारिक व्याप्तता हुँदाहुँदै पनि यसमा पाइने प्रबन्धध्वनिको मिहीमधुर अस्तित्त्व भावमय छ । अझ प्रबन्धविधानका रूपमा *तरुण तपसी*को सम्पूर्ण वैचारिकता र शैलीविधान शान्त रसमै विश्रान्त हुन्छ” (२०३४, पृ. ३५५) । यस आधारमा प्रस्तुत काव्यमा शान्त रसध्वनि मुख्य रूपमा अभिव्यक्त भएको निष्कर्ष निस्कन्छ । ध्वनिका सन्दर्भबाट नभए पनि यस काव्यमा अभिव्यञ्जित रसका चर्चाका सन्दर्भमा केशवप्रसाद उपाध्याय (२०६५) ले यो काव्य शान्त रसप्रधान भएको कुरा यसरी उल्लेख गरेका छन् -

> करुणाबाट जन्मेको र करुणामा नै विकसित भएको यो काव्य निर्वेदको अनुभूति गराएर शान्त भएको छ । करुणामय भएकाले कसैले यसलाई करुण रसप्रधान भन्न सक्छन् तर यो शोक काव्य होइन, यहाँ चरीका मृत्युमा विलाप छ, भोको गरिब अतिथिको दीनदशामा विषाद छ, मजदुर वर्गको दु:खमा बिलौना छ तर यो कुनै आलम्बनविशेषको दु:खान्त कथामाथि आश्रित छैन, यसमा विश्वव्यापी

> करुणाको चित्कार छ । यसको नायक तपसी हो र नायकका अनुरोधमा नै कुनै रसको प्रधानता स्वीकार गर्ने हो भने शास्त्रीय दृष्टिले वैराग्यप्रधान यस काव्यमा शान्त रसको प्रधानता छ । (पृ. ५०)

कृष्ण गौतम (२०५६) ले पनि यस काव्यमा शान्त रसलाई नै प्रमुखताका साथ प्रस्तुत गरिएको विचार यसरी अगाडि सारेका छन् :

> शान्त रसलाई यहाँ मुख्य पारिएको छ । पत्नीरहित तपस्या गर्न इच्छुक कवि एकान्त वन, सुरम्य नदी र यसको किनार सन्ध्या समय, तपसी दर्शन, आत्मा र परमात्माको खोज, समाधि, धारण, मौनता, पवित्रता, स्वच्छता आदिप्रति प्रेम, शान्त र सन्तुलित मनस्थिति प्राप्त गर्ने इच्छा आदि उपकरणहरूले शान्त रसलाई कसिलो र खिरिलो पार्छन् । (पृ.१०)

महादेव अवस्थी (२०६४) ले यस काव्यको रसध्वनिपरक अध्ययनका सन्दर्भमा यसमा शान्त रस नै प्रबन्धकाव्यगत वा प्रमुख रसका रूपमा अभिव्यञ्जित भएको कुरालाई यसरी समीक्षण गरेका छन् -

> *तरुण तपसी*मा शान्त, करुण, शृङ्गार, रौद्र, भयानक, हास्यजस्ता रसहरूको अवस्थित देखिन्छ । काव्यका विभिन्न प्रसङ्गमा करुण रसको अवस्थिति बढी देखिन्छ । यही कारणले हुन सक्छ बालकृष्ण समले *तरुण तपसी*को भूमिकामा यो काव्यलाई करुणरसप्रधान भन्न खोजेको देखिन्छ । काव्यगत परिणतिलाई हेर्ने हो भने चाहिँ काव्यका अन्त्यमा वक्ता तरु-तपसी विश्रान्त बनेको र श्रोता कविपात्रले पनि आफ्ना मनको संशयान्धकार नष्ट भई तपस्याबोध गरेको र भित्री मनमा नै शान्ति अनुभव गरेको स्थितिद्वारा शम स्थायी भावको अभिव्यक्ति गरी शान्तरसलाई प्रबन्धकाव्यगत रसका रूपमा प्रतिफलित तुल्याएको देखिन्छ । (पृ. १३०)

यी विविध सन्दर्भले *तरुण तपसी* प्रबन्धकाव्यमा प्रासङ्गिक रसका रूपमा करुण, शृङ्गार, भयानक, बीभत्स, हाँस्य लगायतका रसहरूको अभिव्यञ्जना रहे पनि प्रबन्धकाव्यगत वा प्रधान रसका रूपमा चाहिँ शान्त रस नै प्रतीयमान रहेको निष्कर्ष निस्कन्छ । काव्यमा आध्यात्मिक चिन्तनसँग सम्बन्धित मनोभावलाई मुख्य रूपमा प्रस्तुत गरिएको पाइन्छ । उक्त भाव पनि शान्त रसध्वनिसँग पूर्ण रूपमा सम्बन्धित रहेको देखिन्छ ।

## ९ निष्कर्ष

लेखनाथ पौड्यालको प्रस्तुत *तरुण तपसी* काव्यमा शान्त रसध्वनिका अभिव्यञ्जक सामग्रीका रूपमा रहेका विभाव अनुभाव र सञ्चारीभावको उचित संयोजनका साथै उपयुक्त ढङ्गको साधारणीकरणको प्रक्रियाका कारण शान्त रसध्वनि मुख्य रसध्वनिका रूपमा ध्वनित भएको छ । काव्यले समष्टिमा सांसारिक विषयवासनाप्रतिको निस्पृहता अथवा तत्त्वबोधद्वारा नित्य एवम् अनित्य वस्तुहरूको चिन्तनद्वारा विकसित भएको विषयविरागलाई प्रस्तुत गर्दै निर्वेद स्थायीभावलाई रसावस्थामा पुऱ्याई शान्त रसलाई ध्वनित गराएको पाइन्छ । काव्यमा विभावादिको साधारणीकरणको प्रक्रियाका साथै शृङ्गार, करुण, भयानक, हास्य, बीभत्सजस्ता रसहरूले अनुकूल एवम् प्रतिकूल भूमिकामा रहेर शान्त रसध्वनिलाई अभिव्यञ्जना गर्न भूमिका खेलेका छन् । यसरी प्रस्तुत *तरुण तपसी* प्रबन्धकाव्यमा प्रस्तुत गरिएको विषयवस्तु, उक्त विषयवस्तुका माध्यमबाट व्यक्त गर्न खोजिएको विचार तथा दृष्टिकोण, काव्यमा समाविष्ट पात्र तथा स्थानिक एवम् कालिक पर्यावरण, निरन्तर तथा प्रासङ्गिक एवम् सान्दर्भिक रूपमा प्रस्तुत गरिएका मनोभावहरू, उक्त मनोभावहरूलाई प्रकट गर्न प्रयोग गरिएका उक्तिहरू आदिका माध्यमबाट शान्त रसध्वनिको अभिव्यक्ति भएको देखिन्छ । निष्कर्षमा यस काव्यमा शान्त रस ध्वन्यात्मक रूपमा अभिव्यक्त भएको तथ्यलाई निम्नअनुसारका सन्दर्भबाट पुष्टि गर्न सकिन्छ :

१. *तरुण तपसी* प्रबन्धकाव्यमा तपस्या गर्न उद्यत कान्ताविरही कवि र कविद्वारा सात्क्षात्कार गरिएका तरुतपसीलाई आलम्बन विभावका रूपमा चित्रण गरिएको छ । यिनै आलम्बन विभावसँग सम्बन्धित विषयवस्तुका कारण भावक वा पाठकका मनस्थितिमा वासनाका रूपमा सुषुप्त अवस्थामा विद्यमान निर्वेद स्थायीभावको उद्रेक भएको छ । काव्यमा आलम्बन विभावका सबै परिस्थितिहरूले भौतिक-सांसारिक विषमतापूर्ण संसारप्रति निस्पृहताको भाव जगाएका छन् । यस किसिमको भाव शान्त रसध्वनिसँग सम्बन्धित रहेकाले यस काव्यमा शान्त रस ध्वनिको अभिव्यञ्जना रहेको देखिन्छ ।

२. *तरुण तपसी* प्रबन्धकाव्यमा कवि तथा तपसीका शारीरिक आभूषण तथा परिधान एवम् बाह्य देश तथा कालको वर्णनसँग सम्बन्धित उद्दीपक सामग्रीहरूले निर्वेद स्थायीभावलाई उद्दीप्त बनाउने काम गरी सहयोगी कारणका रूपमा भूमिका निर्वाह गरेका छन् ।

३. *तरुण तपसी* प्रबन्धकाव्यमा विभावका सम्पूर्ण चेष्टा तथा कार्यहरू शम वा निर्वेद भावको परिपुष्टिमा केन्द्रित रहेका छन् । कविले तपस्याको विचार राख्नु, तन्द्रालु अवस्थामा तरुशरीरमा तपसीको दर्शन हुनु, तपसीले आफ्नो उत्पति, विकास, सङ्घर्ष, तपस्या, वेदना, बाह्य सांसारिक वातावरणको उत्पीडन, भौतिक संसारको तुच्छतासँग सम्बन्धित अनुभूति, अनुभव र भोगाइलाई प्रकट गर्नु तथा तपस्यामार्फत ब्रह्मसाक्षात्कार गरी पूर्ण आनन्द प्राप्त गरेको अनुभूतिलाई प्रस्तुत गर्नुजस्ता सम्पूर्ण कार्यहरूले निर्वेद वा शम भावलाई रसावस्थामा पुऱ्याउने काम गरेका छन् ।

४. काव्यमा अस्थिर रूपमा प्रवाहित भएका निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, स्मृति, धृति, मति, तर्कलगायतका व्यभिचारी वा सञ्चारीभावहरूले शम वा निर्वेद स्थायीभावका सहकारी भावका रूपमा काम गरेका छन् । यी भावहरूले पनि अन्ततः निर्वेद भावकै परिपक्वता वा परिपुष्टिका लागि भूमिका खेलेका छन् ।

५. *तरुण तपसी* काव्यमा कविको आत्मजीवनी तथा वृक्ष तपसीको आत्मजीवनी वाच्य रूपमा आएका छन् । काव्यपठनका सन्दर्भमा यो विषयवस्तु र त्यसबाट व्यक्त भएको विचार प्रत्यक्ष वा वस्तुगत रूपमा बोध भएको छ । यस प्रबन्धकाव्यको समष्टि संवेद्यतासँग सम्बन्धित जुन अनुभूति हो त्योचाहिँ काव्यमा प्रस्तुत भएको रस हो । उक्त रस वाच्य अर्थको प्रतीतिसँगै अभिव्यक्त भएको छ । यसरी अभिव्यञ्जना हुँदा उक्त रस वाच्यार्थमूलक नभएर ध्वन्यार्थमूलक बनेको छ अर्थात् यहाँ शान्त रस ध्वन्यात्मक वा व्यञ्जनात्मक अथवा प्रतीकात्मक रूपमा अभिव्यक्त भएकाले यस काव्यमा शान्त रसध्वनि प्रबन्धगत रसध्वनिका रूपमा अभिव्यक्त भएको छ ।

६. *तरुण तपसी* काव्यमा करुण र बीभत्स रसध्वनि अनुकूल रसध्वनिका रूपमा र शृङ्गार, हास्य र भयानक रसध्वनि चाहिँ प्रतिकूल रसध्वनिका रूपमा रही शान्त रसध्वनिका अभिव्यञ्जनामा भूमिका खेलेका छन् । यस काव्यमा करुण रसध्वनि पनि उत्तिकै सशक्त रहे पनि यो काव्य प्रबन्धकाव्यका तहमा शान्त रसध्वनिप्रधान बन्न पुगेको छ । यहाँ करुण रस पनि उक्त शान्त रसध्वनिको उपकारक बनेर आएको देखिन्छ ।

७. यस काव्यमा विभाव, अनुभाव, व्यभिचारीभावका साथै स्थायीभावको समेत शान्त रसध्वनिलाई अभिव्यञ्जना गर्नेगरी समायोजन गरिएकाले साधारणीकरणको प्रक्रिया पनि उपयुक्त रहेको छ । उपयुक्त ढङ्गबाट साधारणीकरण गरिएकै हुनाले यस काव्यमा शान्त रसध्वनिको अभिव्यञ्जना भएको पाइन्छ ।

## सन्दर्भ ग्रन्थसूची


अभिनवगुप्त (सन् २००९), *ध्वन्यालोकः श्रीमदभिनवगुप्तपादविरचित -'लोचन' सहितः*, जगन्नाथ पाठक (व्याख्याकार), वाराणसीः चौखम्बा विद्याभवन ।

अवस्थी, महादेव (२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* काठमाडौं : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

आनन्दवर्धन (सन् २००९), *ध्वन्यालोकः*, जगन्नाथ पाठक (व्याख्याकार), वाराणसीः चौखम्बा विद्याभवन ।

उपाध्याय, केशवप्रसाद (२०६५), *तरुण तपसीको पुनर्मूल्याङ्कन* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५६), *सिर्जनाको सुवास,* ललितपुर : साझा प्रकाशन ।

जगन्नाथ (सन् २००८), *रसगङ्गाधरः*, मदनमोहन झा (व्याख्याकार), वाराणसी : चौखम्बा विद्याभवन ।

त्रिपाठी, वासुदेव (२०३४), *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन,* कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र त्रिभुवन विश्वविद्यालय ।

पाठक, जगन्नाथ (व्याख्याकार) (सन् २००९), *श्रीमदानन्दवर्धनाचार्यविरचितः ध्वन्यालोकः*, वाराणसीः चौखम्बा विद्याभवन ।

पौड्याल, लेखनाथ (२०४५), *तरुण तपसी* (नवौँ सं.), काठमाडौँ : साझा प्रकाशन ।

मम्मट, (सन् २००७), *काव्यप्रकाशः*, सत्यव्रत सिंह (व्याख्याकार), वाराणसी : चौखम्बा विद्याभवन ।

विश्वनाथ (सन् २००७), *साहित्यदर्पण,* सत्यव्रत सिंह (व्याख्याकार), वाराणसीः चौखम्बा विद्या भवन ।

सिंह, सत्यव्रत (व्याख्याकार) (सन् २००७), *श्रीमम्मटाचार्यविरचितः काव्यप्रकाशः*, वाराणसीः चौखम्बा विद्याभवन ।

सिंह, सत्यव्रत (व्याख्याकार) (सन् २००७), *श्रीविश्वनाथकविराजप्रणीतः साहित्यदर्पणः सविमर्शशशिकला हिन्दीव्याख्योपेतः*, वाराणसी : चौखम्बा विद्या भवन ।